विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर (क्यू.ए.ए.) प्रमाणित
# राममणि बहुमुखी क्याम्पस
(त्रि.वि. बाट सम्बन्धन प्राप्त)
स्था. २०४५
☎ ०७१-५६०२२६, ०७१६२१६९२
तिलोत्तमा-५, मणिग्राम, रूपन्देही

प. सं.:
च. नं.:

मिति: २०८३/०५/२६

## उच्च शिक्षा छात्रवृत्ति सम्बन्धी सूचना !

शिक्षा तथा सामाजिक विकास निर्देशनालयद्वारा आ.व. २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम अनुसार लुम्बिनी प्रदेश अन्तर्गतका सामुदायिक क्याम्पसहरूमा स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूका लागि उच्च शिक्षा छात्रवृत्तिको व्यवस्था गरे बमोजिम यस क्याम्पसमा अध्ययनरत इच्छुक विद्यार्थीहरूले मिति: २०८३/०६/१५ गते दिवा ०३:०० बजेभित्र प्रमाण सहित तपसील छात्रवृत्तिका प्रकारमा रही पुस्तकालय शाखाबाट छात्रवृत्ति फाराम लिई परीक्षा शाखामा निवेदन दिनहुन सूचित गरिन्छ ।

**तपसील : छात्रवृत्तिका प्रकार**

१. दलित विद्यार्थी छात्रवृत्ति
२. जनजाति विद्यार्थी छात्रवृत्ति
३. महिला विद्यार्थी छात्रवृत्ति
४. मधेशी विद्यार्थी छात्रवृत्ति
५. मुस्लिम विद्यार्थी छात्रवृत्ति
६. द्वन्द पीडित विद्यार्थी छात्रवृत्ति
७. अपाङ्ग विद्यार्थी छात्रवृत्ति
८. वेपता पारिएका व्यक्ति तथा सहिद परिवार तथा घाइते वा निजको सन्तति छात्रवृत्ति
९. सिमान्तकृत एवं अल्पसङ्ख्यक विद्यार्थी छात्रवृत्ति

**पेश गर्नुपर्ने कागजातहरू:**

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी,
२. स्नातक तहको लागि कक्षा १२ उत्तीर्ण गरेको र स्नातकोत्तर तहको छात्रवृत्तिका लागि स्नातक उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि ।
३. दलित विद्यार्थी छात्रवृत्तिका लागि राष्ट्रिय दलित आयोगमा सूचिकृत जनजाति हुनुपर्ने र दलित भएको प्रमाणको प्रतिलिपि बुझाउनुपर्नेछ ।
४. जनजाति विद्यार्थी छात्रवृत्तिका लागि जनजातिको सूचिमा सूचिकृत जनजाति हुनुपर्ने र जनजाति भएको प्रमाणको प्रतिलिपि बुझाउनुपर्नेछ ।
५. अपाङ्ग विद्यार्थी छात्रवृत्ति लागि क, ख, ग, घ श्रेणीको अपाङ्ग परिचयपत्रको प्रतिलिपि ।
६. द्वन्द पीडित र वेपता पारिएका व्यक्ति तथा सहिद परिवार तथा घाइते वा निजको सन्तति छात्रवृत्तिको लागि द्वन्दको अवधिमा द्वन्दका कारणबाट मृत्यु भएका तथा द्वन्दको क्रममा ५० प्रतिशत भन्दा बढी अपाङ्ग, अङ्ग भङ्ग भएका वा घाइते वा वेपता भएका व्यक्तिहरूको शान्ति तथा पुनर्निर्माण मन्त्रालयद्वारा निर्धारण गरिएका व्यक्तिका सन्तति हुनुपर्नेछ । द्वन्द पीडित छात्रवृत्तिका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी भएको द्वन्द प्रभावित भएको प्रमाणको प्रतिलिपि ।

विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर (क्यू.ए.ए.) प्रमाणित

☎ ०७१-५६०२२६
०७१६२१६९२

# राममणि बहुमुखी क्याम्पस

(त्रि.वि. बाट सम्बन्धन प्राप्त)
स्था. २०४५

तिलोत्तमा-५,
मणिग्राम, रूपन्देही

प. सं.:
च. नं.:

७. सहिदका छोराछोरीको लागि नेपाल सरकारबाट सहिद घोषण गरिएका व्यक्तिका सन्तति हुनुपर्ने र सोको प्रमाणको प्रतिलिपि ।

८. अल्पसङ्ख्यक विद्यार्थी छात्रवृत्तिका लागि नेपाल सरकारको अल्पसङ्ख्यक जातिको सूचिमा सूचिकृत भएका जनजातिका सन्तान र सोको प्रमाणको प्रतिलिपि ।

९.मधेशी विद्यार्थी छात्रवृत्तिका लागि मधेशी प्रमाणित भएको प्रमाण पेश गर्नुपर्ने ।

१०. छात्रवृत्ति भर्ने विद्यार्थीहरूले Himalayan बैंकको जुनसुकै शाखामा खाता खोली बैंकको नाम, ठेगाना र खाता नं. बुझिने चेकको फोटोकपी १ प्रति फारामसँगै बुझाउनुपर्नेछ ।

११. उमेरको हद ३० वर्ष ननाघेको हुनुपर्ने ।

१२. छात्रवृत्ति फाराममा विद्यार्थीको १ प्रति फोटो टाँस्नुपर्नेछ ।

१३. मुस्लिम र सिमान्तकृत जातिभित्र सूचिकृत सम्बन्धी सरकारी निकायबाट जारी भएको प्रमाणपत्र/ सिफारिस पत्र ।

तारा प्रसाद पराजुली
**क्याम्पस प्रमुख**

Website: www.rammani.edu.np, E-mail: rmcrupandehi@gmail.com